“आठबीस नगरको समुन्नतिका आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार”

# आठबीस नगरपालिका, दैलेख

**प्रथम नगर सभा**बाट पारित

# नीति, कार्यक्रम तथा बजेट

मिति २०७४/०३/३० गते

**<u>निर्णय नं. १</u>**

गत आ.व.२०७३/०७४ को यथार्थ आय व्यय र आ.व. २०७४/०७५ को अनुमानित आय व्यय सहितको देहाय अनुसारको नीति, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने निर्णय गरियो :

आठबीस नगरपालिकाका प्रमुख एवं नगरसभाका अध्यक्ष ज्यू
नगरपालिकाका कार्यकारी अधिकृत ज्यू,
नगरपालिकाका विभिन्न वडाहरुका वडाध्यक्ष ज्यूहरु, नगर कार्यपालिकाका सदस्य ज्यूहरु,
नगर सभाका सदस्य ज्यूहरु
राजनीतिक दलका नगर स्तरीय प्रमुख एवम् प्रतिनिधि ज्यूहरु,
संचारकर्मीज्यूहरु

यस आठबीस नगरपालिकाको प्रथम नगर सभामा आफ्नो व्यस्तताका बाबजुद् अमुल्य समय प्रदान गर्दै हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका अतिथि गण लगायत सम्पूर्ण महानुभावहरुमा म सर्वप्रथम आठबीस नगरपालिका तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवम् कृतज्ञता ब्यक्त गर्दछु ।

आज हामी यस ऐतिहासिक आठबीस नगरपालिकाको सुनौलो भविष्य सहितको आठबीस नगर सभाको बैठक सञ्चालन गर्न गईरहेका छौं । यस गरिमामय बैठकमा नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएको छु । यस क्षणमा ऐतिहासिक कालखण्ड हुदै प्रजातन्त्र प्राप्ति, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा नयाँ नेपाल निर्माणको क्रममा आफ्नो अमुल्य जीवनको आहुति दिने ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

**आदरणीय नगर सभाका अध्यक्षज्यू एवं उपस्थित महानुभावहरु,**

नेपाल सरकारको वि.सं. २०७३ साल फागुन २६ को निर्णयानुसार साविकका ६ वटा गा.वि.स. हरु ( सात्तला, सिंगौडी, राकमकर्णाली, तिले `पाटा, सिंहासैन, पिपलकोट ) समायोजन गरी यस आठबीस नगपालिकाको स्थापना भएको हो । प्राकृतिक, साँस्कृतिक तथा धार्मिक सम्पदाहरुले भरीपूर्ण यस नगरपालिकाको सहभागितामुलक भावी योजनाको निर्माणले मात्र भविष्यको सुनौलो मार्ग प्रशस्त गर्दछ । नगर क्षेत्रका विद्यमान साँस्कृतिक, प्राकृतिक र पर्यटकीय सम्पदाहरुको विकास, संरक्षण र संबर्द्धन तथा प्रचार प्रसार गरी समग्र विकासको लक्ष्य तय गर्दै कृषिमा आत्मनिर्भर नगरपालिकाको रुपमा स्थापित गराउन सकेमा समग्र विकासले फड्को मार्न सक्ने सुनिश्चित छ । लोकतान्त्रिक मुल्य र मान्यता, विकेन्द्रीकरण र स्थानीय स्वायत्तता, सेवाप्रवाह तथा विकास निर्माणमा व्यापक जनसहभागिता, जवाफदेहिता, उत्तरदायित्व तथा पारदर्शिता जस्ता सुशासनका आयामहरुको अबलम्बन गर्दै यस नगरपालिकाको समग्र विकास प्रयासलाई निरन्तर अगाडी बढाउनका लागि राजनैतिक दल, सरकारी तथा गैरसरकारी निकाय र नीजि क्षेत्र, संचार कर्मी, समाजसेवी, बुद्धिजिवी एवम् सम्पूर्ण विकासप्रेमी महानुभाबहरुबाट आवश्यक सहयोग प्राप्त भईरहेको छ र भईरहनेछ भन्ने विश्वास लिएको छु ।

**आदरणीय नगर सभाका अध्यक्षज्यू एवं उपस्थित महानुभावहरु,**

नेपालको संविधान बमोजिम लोकतन्त्रलाई संस्थागत गर्दै प्रजातान्त्रिक मुल्य र मान्यता बमोजिम जनताका चाहना, आकांक्षा एवं विकेन्द्रीकरणको मर्म अनुरुप स्थानीय तहलाई सुदृढ र विकसित गर्नु पर्ने आवश्यकता रहेको छ । देशको मूल कानून नेपालको संविधान निर्माण पश्चात करिब १५ वर्ष पछि स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु बहाली भैसकेको भएता पति विद्यमान तरल राजनीतिका कारण जर्जर अर्थतन्त्र तथा कष्टप्रद जनजीवन र विविध प्रकारका संक्रमणको सामना गरीरहेको वर्तमान अवस्थामा जन निर्वाचित प्रतिनिधि मार्फत स्थानीय तहहरु सञ्चालन गर्नु गराउनु पर्दा सेवाग्राही र सेवा प्रदायक दुवैलाई सहज महशुस हुनुका साथै कार्य प्रभावकारिता तथा जनसहभागितामा बृद्धि हुने अपेक्षा गरिएकोछ । यस्तो परिवेशमा जनस्तरमा नजिकको सरकारको भूमिका निर्वाह गर्ने स्थानीय तह नै  हुन् र हुनु पनि पर्दछ । त्यसैले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान मा पहिलो पटक स्थानीय तह र तिनको स्वरुप तथा काम, कर्तब्य र अधिकार समेत स्पष्ट गरिएकोले संघीयताको कार्यान्वयन पश्चात स्थानीय तह मार्फत नागरिकलाई पाइने सेवा सुविधा झन् सरल, सहज,सबैको पहुँचयोग्य र प्रभावकारी हुने अपेक्षा गर्न सकिन्छ । सोही उद्येश्य प्राप्तीका लागि नेपालको संविधानमा परिकल्पना गरिएको स्थानीय तहको निर्वाचन समेत भई सकेकोले ती स्थानीय तहहरु झन सवल, सक्षम र प्रभावकारी हुने आशा गर्न सकिन्छ ।

विकेन्द्रिकरणको सिद्धान्तको कार्यान्वयनवाट लोकतान्त्रिक प्रक्रिया संस्थागत हुनुका साथै स्थानीय नेतृत्वको विकास हुने अपेक्षा राखिन्छ । जातीय, भाषिक, धार्मीक, सांस्कृतिक तथा भौगोलिक विविधताहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन हुँदा स्थानीय आवश्यकता एवं समस्याहरुको स्थानीय स्तरबाटै पहिचान हुनुका साथै आफ्नो निर्णय आफै गर्न सक्ने वातावरण र क्षमताको विकास हुन्छ । यस्तै क्षमता र वातावरणको विकासका लागि प्रमुख आधारशिलाको रुपमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ रहेको हामी सबैलाई अवगत नै छ । बिगतमा स्थानीय तहको निति निर्माणमा निर्वाचित स्थानीय निकाय गठन नभएकोले राजनितिक दलहरु तथा स्थानीय विज्ञको राय, सल्लाह र सहमतिमा नगरपालिकाहरुको नीति, कार्यक्रम तथा योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनको कार्य भैरहेकोमा अब जननिर्वाचित प्रतिनिधहरु बहाली भैसकेकोले उनीहरु मार्फत उक्त कार्यहरु प्रभावकारी रुपमा हुने नै छन् । विभिन्न योजना, नीति तथा कार्यक्रमहरुको छनौट देखि कार्यान्वयन, अनुगमन मूल्यांकनका हरेक चरणहरुमा बढी भन्दा बढी वर्ग र क्षेत्रको प्रतिनिधित्व हुने गरी यथाशक्य सर्वदलीय/सर्वपक्षीय माध्यमबाट सहभागितात्मक पद्धतिको सिद्धान्तलाई यस नगरपालिकाले अवलम्वन गर्दै जानेछ । वस्ती/वडा तहबाट छनौट भएका योजनालाई नै प्राथमिकता दिदै योजना छनौट, सञ्चालन, अनुगमन तथा उपलब्धीको वाँडफाँड र उपभोग गर्ने जस्ता जिम्मेवारी जनताका हुन भन्ने सन्देश दिनु आजको आवश्यकता भएको छ । स्थानीय तहको कार्य प्रकृति र देशको विद्यमान संक्रमणकालीन अवस्थाको सन्दर्भमा राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका अगुवा, संचारकर्मी एवं नगरबासीज्यूहरुको राय, सल्लाह, सुझाव र सहयोग जरुरी रहेको छ ।

**नगरपालिकाका समस्या तथा चुनौतीहरु**

आठबीस नगरपालिकालाई व्यवस्थित शहरीकरण गरी नगर स्तरीय पूर्वाधारहरुको निर्माण गर्नु आजको प्रमुख चुनौती हो । सडक, बसपार्क, ल्याण्डफिल साईट, खानेपानी, ढल निकास , कार्यालय भवन, पार्क उद्यान, सभा हल, भ्यु टावर, विद्युतिकरण, संचार जस्ता नगर स्तरीय पूर्वाधारहरुको निर्माण तथा बिस्तार गरी शहरलाई अझै बढी ब्यबस्थित, सुरक्षित, वातावरण मैत्री र सुन्दर बनाउनु चुनौतीको रुपमा रहेको छ । त्यस्तै कमजोर कर क्षमताका करदाता र न्युन कर सहभागिता रहेको यस नगरपालिकामा कर दाता मैत्री, बालमैत्री, अपांग मैत्री, वातावरण मैत्री, लैंगिक मैत्री स्थानीय शासन वहाल गर्नु, जनचेतना जगाउनु, संस्थागत क्षमता र आयस्रोतको अभिवृद्धि गरी आत्मनिर्भर, सक्षम र सवल स्थानीय तहको बिकास गर्नु, भ्रष्टाचार न्यूनीकरण, सुशासन अवलम्बन, समावेशीकरण, तथा समता मुलक नगर स्थापना गर्नु लगाएत अन्य समस्या तथा चुनौतीहरु विद्यमान छन ।

**आदरणीय नगर सभाका अध्यक्षज्यू एवं उपस्थित महानुभावहरु,**

**यिनै समस्या तथा चुनौतीहरु सम्बोधन गर्ने दिशामा आगामी आ.व.२०७४/७५ का लागि तय गरिएका उद्देश्यहरु, निति तथा कार्यक्रमहरु निम्नानुसार रहेका छन** ।

**उद्देश्य :**

१) हरित शहर (Green City ) को अवधारणा अनुसार भौतिक पूर्वाधार निर्माण, बिस्तार तथा विकास र सुधार गर्दै जाने ।
२) नगरपालिकाको आन्तरिक आयमा बृद्धि गर्न करको दायरा फराकिलो र बिस्तार गर्ने । यसको लागि करदाता शिक्षा र करदाता मैत्री वातावरणमा जोड दिने ।
३) वातावरण, सरसफाई र विपद् जोखिम व्यवस्थापनमा सुधार गरी स्वस्थ र सुरक्षित नगरको विकास गर्ने ।
४) स्थानीय भाषा, संस्कृति र सम्पदाहरुको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन तथा विकास गर्ने ।
५) अर्थपूर्ण सहभागितामूलक विकास गरी गरिबी न्यूनीकरण गर्न लक्षित वर्ग कार्यक्रम संचालन गर्ने ।
६) नगरपालिकाको क्षमता अभिवृद्धि गरी उच्च मनोबल निर्माण गर्ने ।
७) सार्वजनिक निजी साझेदारी (Public Private Partnership) को अवधारणालाई आत्मसात गरी विकासका कार्यहरु अगाडि बढाउने ।
८) नगर स्तरीय पूर्वाधार युक्त सुरक्षित र सुव्यवस्थित सहर निर्माण गर्ने ।
९) स्थानीय स्तरमा तुलनात्मक लाभका वस्तु र सेवाको पहिचान गरी उत्पादन बृद्धि गर्ने ।
१०) स्थानीय सेवा प्रवाहलाई नागरिक मैत्री र प्रभावकारी बनाई सुशासन बहालीमा सघाउने ।
११) सुशासनयुक्त, समतामुलक, सभ्य र समृद्ध समाजको निर्माणमा पहल गर्ने ।

**नीति योजना तथा कार्यक्रम तर्जुमाका आधारहरु**

१) नेपालको संविधान
२) नेपालका आवधिक योजना
३) स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन

नियमावली २०६४

४) स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ तथा स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७४, स्थानीय तह बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तण सम्बन्धी निर्देशिका २०७४,

५) स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९

६) वातावरण मैत्री स्थानीय शासन प्रारुप २०७०

७) फोहोर मैला व्यवस्थापन ऐन २०६८, नियमावली २०७०

८) वाल मैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र वाल मैत्री स्थानीय शासन कार्यविधि २०६८

९) साबिकका गा.वि.स. का बिभिन्न वार्षिक योजना

१०) संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय, जिल्ला समन्वय समिति, दैलेखबाट प्राप्त मार्ग दर्शन

११) राजनैतिक दल, विषयगत कार्यालय, निजी क्षेत्र, नागरिक समाज आदिबाट प्राप्त सुझाव

१२) वडा नागरिक मन्च, बस्ती/वडा भेला, बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आएका राय सल्लाह सुझाव र सिफारिस

**आदरणीय नगर सभाका अध्यक्षज्यू एवं उपस्थित महानुभावहरु,**

अब म यस आठबीस नगरपालिकाले आ.व. २०७४/०७५ मा अंगीकार गर्ने प्रमुख नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**(१) सहरी पूर्वाधार विकास नीति :**

१.१. आठबीस नगरपालिकाको कृषि, आवास, उद्योग र वाणिज्य क्षेत्र,सडक तथा यातायात, खानेपानी, बिद्युत, सिंचाई, खूल्ला क्षेत्र तथा पार्क र धाार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रलाई समेटिने गरी समग्र नगर विकास योजना (Comprehensive Town Development Plan), वस्ती विकास तथा भू-उपयोग योजना निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने नीति लिईनेछ ।

१.२. नगरको भौतिक पूर्वाधार निर्माण कार्यक्रमहरुमा सुधार तथा बिस्तारलाई निरन्तरता दिनुका साथै अधुरा रहेका तथा क्रमागत आयोजनालाई पूर्णताका लागि प्राथमिकता दिईनेछ ।

१.३. नगरपालिका क्षेत्रमा घर निर्माण गर्दा संलग्न डकर्मी/मिस्त्री आदिलाई भूकम्प प्रतिरोधि भवन निर्माण सम्वन्धि तालिम प्राप्त दक्ष जनशक्तिबाट मात्र भवन निर्माण गर्ने व्यवस्था गरिनेछ ।

१.४. योजनाबद्ध ढल निर्माण तथा बिस्तार गर्ने ।

१.५ यस नगर क्षेत्रका सडक फराकिला बनाई सडक किनारामा रहेका अव्यवस्थित घर टहराहरुलाई व्यवस्थित गर्नको लागि नापी, मालपोत र सडक डिभिजन कार्यालयको समन्वयमा कार्यारम्भ गरिनेछ ।

१.६ सम्बद्ध संस्था र निकायहरुसंगको समन्वयमा समृद्ध सहरको परिकल्ना अनुरुप नगर स्तरीय पूर्वाधारहरु बसपार्क, सिटी हल, भ्यु टावर, मनोरन्जन पार्क, सभा गृह, खेल मैदान, स्मसान घाट, बाल उद्यान, बृद्धाश्रम आदिको निर्माणमा प्राथमिकता दिइनेछ ।

१.७ आठबीस नगरपालिकामा भवन निर्माण तथा योजना मापदण्ड तयार गरी राष्ट्रिय भवन संहिता २०६० अनुसार भुकम्प प्रतिरोधी घर तथा भवन निर्माण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रत्येक

वडाका दक्ष डकर्मीहरुलाई सूचीकृत गरी भूकम्प प्रतिरोधी संरचना निर्माण प्राविधिक तालिम संचालन गरिनेछ ।

१.८ व्यवस्थित शहरीकरणका लागि शहरी विकास मन्त्रालय र नगर विकास कोषको सहयोग र समन्वयमा LAND POOLING कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१.९ नगर यातायात गुरुयोजना बनाई सोही अनुसार नयाँ ट्र्याक निर्माण गर्ने कार्य न्यूनीकरण गर्दै नगरस्तरीय सडकहरुको स्तरोन्नती तथा मर्मत संभार गरी बाह्रै महिना यातायात संचालनको सुनिश्चिततामा जोड दिईनेछ । साथै यातायात सेवा नपुगेका वडा केन्द्रहरुमा यातायात सेवा पुऱ्याउने नीति लिईनेछ ।

१.१० कर्णाली राजमार्गलाई आधार बनाई यस नगरपालिकाका सबै वडाहरु समेटी चक्रपथ निर्माणको पञ्चवर्षिय कार्ययोजना तयार गरी लागु गरिनेछ ।

१.११ दह देखी बासुल्ले, किला हान्ने कालिकोट जोड्ने पर्यटकीय सडक निर्माण गरिनेछ ।

१.१२ सडक नै विकासको मुल आधार भएको हुँदा यातायातको पहुँच हुन कठीन ठाउँहरुमा तत्कालका लागि पैदल यात्रा सहज बनाउन गोरेटो बाटो र स्थानीय खोलानालामा झोलुङ्गे पुल निर्माण कार्यलाई तत्काल सुरुवात गरिनेछ ।

१.१३ नगरपालिका भित्र सञ्चालनमा रहेका र निर्माणाधीन सडकहरु स्तारोन्नती सहित यथाशिघ्र निर्माणका लागि पहल गरिनेछ ।

१.१४ आठबीस नगरपालिकाको केन्द्रमा रहेको राकमकर्णालीलाई एक उदाहरणीय शहर बनाउने उद्देश्यका साथ सञ्चालित मेगासिटीको अवधारणालई स्थानीय जनताको सहभागिता र भावना बमोजिम अझ प्रभावकारी ढंगले कार्यान्वयनमा लैजान विशेष भूमिका निर्वाह गरिनेछ ।

१.१५ नयाँ शहर आयोजना सँगको समन्वयमा राकमकर्णाली र सिँगौडी तथा सो सँग जोडीएका वडाहरुमा सथासंभव छिटो सडक पहुँच स्थापना गरिनेछ साथै उक्त स्थानहरुमा खानेपानीको प्रभावकारी विस्तार गरिने छ ।

**(२) आर्थिक प्रशासन तथा राजस्व परिचालन नीति :**

२.१ नगरपालिकाको राजस्व वृद्धिका लागि करका क्षेत्र पहिचान गरी करको दायराहरुलाई दिगो र फराकिलो पार्दै कर असुलीमा कडाई गरिने छ । साथै आन्तरिक श्रोत कर, शुल्क, महशुल आदि असुली व्यवस्थालाई योजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२.२ आगामी दिनमा राजस्व प्रक्षेपण सम्बन्धी संभाव्यता अध्ययन गरी सोही आधारमा नगर स्तरीय राजस्व परामर्श समितिका सिफारिसहरुलाई नगरपालिकाको राजस्व नीतिको आधारको रुपमा अवलम्बन गरिनेछ । नगरपालिकाको कर तथा राजस्व असुलीका लागि स्थानीय उद्योग वाणिज्य संघसंग सहकार्य गरिनेछ ।

२.३ नगरपालिकाको स्वामित्वमा रहेका सम्पत्तिहरु तथा अन्य सार्वजनिक सम्पत्तिहरुको उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

२.४ एकिकृत सम्पत्ति कर, व्यवसाय कर, बहाल कर तथा करका अन्य श्रोतहरुको लगत अद्यावधिक गर्दै लगिनेछ ।

२.५ आन्तरिक राजस्व अभिवृद्धिका लागि सार्वजनिक निजी साझेदारी अन्तर्गत विभिन्न संघसंस्थाहरु संग सहकार्य गरीनेछ ।

२.६ पेश्की तथा बेरुजुहरु फछ्र्यौट गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

२.७ आवश्यक अध्ययन अनुसन्धान गरी यथाशक्य आ.व. २०७४/०७५ वाटै एकीकृत सम्पत्ती कर प्रणाली लागू गरी करको दायरा फराकिलो बनाइनेछ ।

२.८ योजना संचालनमा हुने पेश्की बेरुजुलाई न्यूनिकरण गर्न पेश्की सून्य अभियानलाई प्राथमिकता दिइनेछ र साविक गाविसहरुमा रहेको पेश्की तथा बेरुजुको लगत कायम गरी फछ्र्यौट तथा असुल उपर प्रक्रिया अगाडी बढाइनेछ ।

**(३) कृषि, वन, वातावरण,**

३.१. कृषि योजना निर्माण गरी यस नगरपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने नीति लिइनेछ ।

३.२ एक टोल एक उत्पादनको अवधारणा अनुसार कम्तीमा दुई वटा वडा छनौट गरी जडीबुटी, फलफुल र तरकारी उत्पादनको लागि विशेष सहयोगको कार्यक्रम संचालन गरिनेछ । साथै प्रत्येक वडामा तरकारी संकलन केन्द्र र नगरपालिका केन्द्रमा शित भण्डारको व्यवस्था गरिने छ ।

३.३ कृषि कार्यालय तथा सम्बन्धित गैर सरकारी संस्था एवं दातृ निकायहरुको साझेदारीमा एकिकृत पशु र कृषि सम्वन्धी कार्यक्रम संचालन गरी व्यवसायिक कृषि तथा पशुपालन कार्यक्रमलाई प्रोत्साहन गर्न ऋण अनुदानको कार्यक्रम सञ्चालन गरिनेछ ।

३.४ वातावरण, सरसफाई र विपद् जोखिम व्यवस्थापनमा सुधार गरी स्वस्थ र सुरक्षित नगरको विकासमा जोड दिईनेछ ।

३.५ निरन्तर रुपमा मानवीय क्रियाकलापवाट जलवायू परिवर्तनबाट पर्ने प्रभाव न्यूनिकरणका लागि वातावरण संरक्षण गर्न वातावरण कोष निर्माण गरी वृक्षारोपण, सवै खाले प्रदुषण नियन्त्रण एवं Water Recharge को कार्यक्रम सहित प्रत्येक घरमा करेसावारीको कार्यक्रम प्रवर्द्धन गरी तरकारीमा आत्म निर्भर नगर वनाउने नीति अवलम्वन गरिनेछ ।

३.६ यस नगरपालिकालाई वातावरण मैत्री बनाउनको लागि संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयबाट तयार पारिएको वातावरण मैत्री स्थानीय शासन प्रारुप २०७० का प्रावधानहरुलाई कार्यरुपमा ल्याउन थालनी गरिनेछ ।

३.७ हरित गृह प्रभाव (Green House Effect) र विश्व तापमान वृद्धि (Global Warming) को प्रभाव कम गर्न तथा वन, वातावरण र भूसंरक्षणका लागि यस नगरपालिकामा खाली रहेका क्षेत्रमा वस्ती विकास तथा भू-उपयोग योजना लागु गरी कृषि उत्पादनको लागि र अन्य जमिन संरक्षणका लागि सहभागितामूलक वृक्षारोपण र समुदायमा आधारित वन संरक्षणका कार्यक्रमहरुका साथै जलवायु परिवर्तन अनुकुलन कार्यक्रमहरु दीगो रुपमा संचालन गरिनेछ ।

३.८ वन जंगल, जंगली जनावर, चराचुरुङ्गी र लोपोन्मुख जडीबुटी संरक्षणका लागि पहल गरिनेछ । साथै वन विनास रोक्नका लागि नियमन तथा व्यवस्थापनका लागि पहल गरिनेछ ।

३.९ वातावरणीय प्रभाव न्यूनीकरणको लागि अर्गानिक खेती प्रणालीलाई प्रवर्द्धन गरिनेछ ।

३.१० वातावरणीय प्रदुषण न्यूनीकरणका लागि स्थानीय स्तरमा उत्पादन गर्न सकिने श्रोत साधनको अधिकतम प्रयोग गरी प्लाष्टिक र प्लाष्टिक जन्य सामाग्रीहरुको प्रयोग कमि ल्याउन उचित नीति नियम तयार गरी कार्यान्वयन गरिनेछ ।

**४. शिक्षा, स्वास्थ्य र सरसफाई नीति :**

४.१ नगर शिक्षा समितिको सकृयता र अगुवाइमा नगर शिक्षा योजना तयार र कार्यान्वयन गरी यस नगर क्षेत्रमा संचालित शैक्षिक संस्थाहरुलाई जिल्ला शिक्षा कार्यालयसंगको समन्वयमा प्रभावकारी रुपमा संचालन गरी जीवनोपयोगी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने नीति लिइनेछ। साथै शिक्षाको गुणस्तर सुधारका लागि कम्तीमा एउटा वडामा एउटा नमूना विद्यालय बनाउने नीति लिइनेछ साथै नगरपालिकामा एक आधुनिक ई-पुस्तकालय, तथा सबै वडाहरुमा पुस्तकालय स्थापना गरिनेछ र सुचना प्रविधि मैत्री शिक्षामा जोड दिईनेछ।

४.२ उच्च शिक्षा अध्ययनको लागि बहुमुखि क्याम्पसको स्थापना गर्नका साथै आर्थिक रुपमा विपन्न, जेहेन्दार र क्षमतावान बालवालिकाका लागि छात्रवृत्तीको व्यवस्था गरिनेछ र माथिल्लो तहमा अध्ययनका लागि समेत विशेष छात्रवृत्तीको समेत व्यवस्था गरिनेछ।

४.३ नगर स्वास्थ्य योजना निर्माण गरी नगरपालिकामा आधुनिक अस्पताल स्थापना गरिनेछ र यस नगर क्षेत्रमा संचालित हुने र भएका अस्पताल, नगर स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरुलाई सम्बद्ध निकाय र जिल्ला स्वास्थ्य कार्यालयसंगको समन्वयमा प्रत्येक वडामा पुऱ्याई नगरबासीहरुलाई स्वास्थ्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

४.४ यस नगरपालिका क्षेत्रमा विगत देखी दुर्घटनाहरु बढीरहेको हुँदा घाइतेहरुको तत्काल उपचारका लागि ट्रमा सेन्टर स्थापना गरिने र मानसिक समस्या भोगिरहेका व्यक्तिहरुको उचित उपचार तथा परामर्शका लागि मनोसामाजिक परामर्श केन्द्रको स्थापना गरिनेछ।

४.५ गुणस्तरीय जीवन यापनका लागि परिवार नियोजन दर बढाउने र मातृ शिशु मृत्युदर घटाउन पहल गर्नुका साथै महिला स्वास्थ्य क्लिनिक सेवा सञ्चालन गरिनेछ र भौगोलिक विकटता भएका वडा हरुमा बर्थिङ्ग सेन्टर स्थापनाका लागि पहल गरिनेछ।

४.६ समाजमा कुपोषित बालबालिकाहरुको संख्या धेरै रहेको हुँदा स्वास्थ्य संस्था तथा समाजमा पोषणयुक्त खाद्यान्नलाई प्रयोगमा ल्याउने वातावरणको सृजना गर्न पहल गर्ने।

४.७ पूर्ण खोपयुक्त आठबीस नगरपालिकाका सबै स्वास्थ्य चौकीमा सुरक्षित प्रसुती सेवा सुनिश्चित गरिनेछ। साथै स्वास्थ्य सुविधाको समानुपातिक पहूँच बृद्धि गर्न आवश्यक स्थानमा आधारभुत शहरी स्वास्थ्य क्लिनिक स्थापना गर्दै लगिनेछ।

४.८ स्थानीय तहहरुको चुनौतीको रुपमा रहेको फोहरमैला संकलन तथा व्यवस्थापन सम्बन्धमा निजी क्षेत्र स्थानीय उद्योग वाणिज्य संघ, टोल विकास संस्था, अन्य निजी क्षेत्र एवं सामाजिक संघ संस्थाहरुको साझेदारीमा 'स्वच्छ नगर, हाम्रो रहर' को नाराका साथ 'शून्य फोहर' को अवधारणा अनुरुप फोहरमैला व्यवस्थापन गरिनेछ। साथै वातावरण मैत्री स्थानीय शासनका आधारभूत तथा विकसित सूचक पुरा गरी वातावरण सुधारमा प्रभावकारीता ल्याइनेछ। दीर्घकालीन फोहर व्यवस्थापनको लागि ल्याण्डफिल साईट (Sainitary Landfill site) को निर्माण तथा व्यवस्थापनमा जोड दिईनेछ।

४.९ खुला दिसामुक्त घोषणा भईसकेको यस नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगरपालिका घोषणा गर्नका लागि आवश्यक कार्यक्रमहरु क्रमश: सञ्चालन गरिदै लगिनेछ।

४.१० नगरपालिकाले स्वच्छ तथा स्वस्थ खानेपानी वितरणलाई प्रभाबकारी बनाउन समन्वयकारी भुमिका खेल्नेछ ।

**(५) संस्कृति र पर्यटन नीति :**

५.१. नगरपालिका, सरकारी तथा गैरसरकारी निकाय, उद्योग वाणिज्य संघ, होटल व्यवसायी, पर्यटन व्यवसायी, नागरिक समाज र संचार माध्यम संगको समन्वय र सहकार्यमा आठबीस क्षेत्रका पर्यटकीय स्थलको प्रवर्द्धन तथा विकास गर्दै थप पर्यटकीय स्थलको संभाव्यता अध्ययन र पहिचानको थालनी गरिनेछ साथै पर्यटकीय सेवा सुविधा बृद्धि र आधुनीकिकरण गरिनेछ ।

५.२. नगरको प्राकृतिक सुन्दरतालाई कायम राखी हरियाली वृद्धि गरिनेछ ।

५.३ प्राकृतिक, साँस्कृतिक तथा धार्मिक सम्पदाहरुले भरिपूर्ण यस नगरपालिकामा नगर पर्यटन योजना निर्माण र सोको कार्यान्वयनमा जोड दिईनेछ । स्थानीय सँस्कृती तथा साँस्कृतिक सम्पदाहरुको पह्रिचान, संरक्षण तथा संबर्द्धनमा विषेश जोड दिईने छ ।

५.४ आधुनिक पर्यटन व्यवसायको आधारको रुपमा रहेको होम स्टे को अवधारणालाई प्राथमिकता दिई कार्यान्वयन गरिने छ तथा पर्यटकीय मार्ग निर्माण गरिनेछ ।

५.५ जल पर्यटनको प्रवर्द्धनको लागि निजि क्षेत्रसँगको साझेदारीमा कर्णाली नदीमा र्‍याफ्टीङ व्यावसाय सञ्चालन गरिने छ ।

५.६ स्थानीय भाषिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरु (मौलिक संस्कृतीः भुवो, भैलो, पञ्चैबाजा हुड्केनाच, देउडा, मारुनी, सरम, धमारी, मागल, चुट्का) मेला पर्व आदीको संरक्षण गर्ने नीति लिईनेछ । साथै स्थानीय मगर, खाम भाषाहरुको संरक्षण गरिनेछ ।

५.७ पर्यटन व्यावसायलाई प्रवर्द्धन गर्न स्थानीय तहमा होटेल व्यावसायीहरुको क्षमता विकास र प्रोत्साहन गरिनेछ ।

**(६) जनसंख्या तथा समावेशी सामाजिक विकास नीति :**

६.१. नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक संघ संस्था तथा स्थल लगायत सांस्कृतिक सम्पदाको संरक्षण एवं सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

६.२. महिला आदिवासी जनजाती दलित, फरक क्षमता भएका, सिमान्तकृत समुदायलाई विशेष प्राथामिकता दिई लक्षित वर्गको सिप, क्षमता विकास तथा आय आर्जन बढाउने कार्यक्रमहरु संचालन गरिनेछ ।

६.३. नगरपालिकाको खेलकुद प्रबर्द्धन तथा विकासका लागि केन्द्रीय, क्षेत्रीय र जिल्लास्तरीय खेलकुदमा नगरबासीको सहभागिताका लागि उच्च प्राथमिकता दिनुका साथै नगर क्षेत्रमा खेलकुद विकासका लागि प्रत्येक वडामा खेलकुद मैदान निर्माणका लागि विशेष पहल गरिनेछ र नगरपालिकाको केन्द्रमा सभागृह निर्माण गरिनेछ ।

६.४. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ता, वृत्ति बैंक मार्फत वितरण गर्ने नीति लिइनेछ । साथै सो कार्यलाई पारदर्शी र प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु मार्फत अनुगमन गरिनेछ ।

६.५. नगरको विकासमा गैर सरकारी र अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा विषयगत कार्यालयसंग समन्वय गरी साझेदारी गर्दै नगरको विकास गर्ने नीति अवलम्वन गरिनेछ ।

६.६. सामाजिक परिचालनको माध्यमबाट गरिदैं आएका विभिन्न कार्यहरुलाई निरन्तरता दिइनेछ ।

६.७. बाल बचाउ, बाल संरक्षण, बाल बिकास र बाल सहभागिता जस्ता बालमैत्री स्थानीय शासनका आधारभूत तथा विकसित सूचक पुरा गर्ने गरी समाज परिवर्तनका बाहक बालबालिकाको क्षमता

विकासको कार्यलाई उच्च प्राथामिकतामा राखी असहाय, अभिभावक विहीन, जोखिममा परेका र अपांग बालबालिकाको लगत संकलन र वालश्रम न्यूनिकरणको कार्यक्रम संचालन गरिनेछ साथै जोखिममा परेका बालबालिकाहरुको लागि आकस्मिक कोष र बालगृह स्थापनाका लागि पहल गरिनेछ ।

६.८ महिला, बालबालिका, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक, अपांगता भएका तथा सिमान्तकृत समुदाय, एच आई. भि. एड्स व्यक्तिहरुलाई सामाजिक परिचालनको माध्यमद्धारा सशक्तिकरण र आर्थिक विकासमा मुल प्रवाहिकरण गरिनेछ ।

६.९ नगरको आपांगता, अभिभावक विहीन बालबालिकाको प्रोफाईल तयार गर्न सम्वन्धित क्षेत्रमा कार्यरत गैरसरकारी संस्था संग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

६.१० राज्यका गहनाको रुपमा रहेका जेष्ठ नागरिकहरुको मनोवल उच्च राख्न जेष्ठ नागरिक सम्मान कार्यक्रमका साथै जेष्ठनागरिक मिलन केन्द्र स्थापना गरिनेछ ।

६.११ यस नगरपालिकामा समाजिक कलङ्कको रुपमा रहेका जातीय विभेद, छुवाछुत, छाउपडी प्रथा, बाल विवाह रहित नगरपालिकाको रुपमा परिणत गर्ने नीति लिईनेछ ।

६.१२ शान्त र व्यवस्थित समुदाय विकासका लागि मदिरा नियन्त्रण कार्यलाई तत्काल लागु गरिनेछ ।

**(७) सुशासन प्रवर्द्धन एवं संगठन विकास नीति :**

७.१. नगरपालिकाबाट दिइने सेवा सुविधालाई अझ बढि प्रभावकारी बनाउनका लागि सुशासन सम्बन्धी कार्यहरुलाई प्रभावकारी वनाउदै लगिनेछ । साथै नगरपालिकाको काम कारवाहीलाई अझै व्यवस्थित र चुस्त दुरुस्त वनाउन आवश्यक नियम, निर्देशिका, कार्यविधि, आचारसंहिता बनाई लागु गरिनेछ ।

७.२. नगरपालिकाको सांगठनिक संरचनामा सुधार तथा प्रशासनिक दक्षता अभिवृद्धि गरी सेवाग्राहीलाई प्रदान गरिने सेवा सुविधामा थप प्रभावकारिता ल्याउन ब्यवस्था मिलाईनेछ । यसको लागि क्षमता विकास योजना बनाई कार्यान्वयन गरिनेछ ।

७.३. पाँच वर्षे बिजनेस प्लान तयार गरी नगरपालिकाले हरेक कर्मचारी संग व्यक्तिगत तथा शाखागत रुपमा अलग/अलग सूचकमा आधारित कार्यसम्पादन सम्झौता गर्नेछ ।

७.४. सर्वसाधारणको सूचनाको हकलाई सम्मान गर्दै सञ्चार क्षेत्रको विकास र प्रवर्द्धनका लागि सो क्षेत्रमा कार्यरत सञ्चारकर्मीहरुको सल्लाह र सुझावकै आधारमा कार्यक्रमलाई बढि प्रभावकारी बनाउदै संचारकर्मीहरुको सीप र क्षमता बिकासमा जोड दिईने छ ।

७.५. नगरपालिकाको निर्णय एवं कार्यलाई पारदर्शी तुल्याउन नगरपालिकाको वेव साईट, स्थानीय पत्र पत्रिका एवं रेडियो तथा अन्य प्रकाशन सामग्रीहरु मार्फत संप्रेषण गर्ने कार्यलाई व्यवस्थित गरिनेछ साथै नागरिक वडापत्र, योजना तथा कार्ययोजना सूचना पाटीलाई समयानुकुल अद्यावधिक र परिमार्जन गरिनेछ ।

७.६. विशेष कार्ययोजना वनाई नगरपालिकालाई भ्रष्टाचारमा शुन्य सहनशिल नगरपालिका बनाईनेछ ।

७.७. नगरको सम्पूर्ण वास्तविक वृत्तचित्र झल्कने नगर प्रोफाइल र आवधिक नगर बिकास योजना तयार गर्न विषेश पहल गरिनेछ ।

७.८. संचालित योजनाहरुको नियमित अनुगमन एवं सुपरिवेक्षण कार्यमा प्रभावकारिता ल्याई समयमै कार्य सम्पन्न गरी त्यस्ता योजनाहरुको जाँचपास एवं फरफारक गरी सम्बन्धित उपभोक्ताहरुलाई हस्तान्तरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

७.९ यस नगर क्षेत्रका नगरबासीहरुलाई प्रदान गर्नु पर्ने विविध सुविधाहरु सम्वद्ध विषयगत निकाय /संस्थाहरुसंगको समन्वयमा प्रभावकारी रुपमा संचालन गर्ने नीति लिइनेछ ।

७.१० सेवाप्रवाह प्रभावकारी बनाउन कर्मचारी मुल्यांकनका सूचकहरु निर्धारण गरी दण्ड, पुरस्कार र प्रोत्साहनको व्यवस्था गरिनेछ र  वर्षको उत्कृष्ट कर्मचारी घोषणा गर्ने नीति लिइनेछ ।

७.११ मुस्कान सहितको सेवा भन्ने नारालाई अविलम्ब कार्यान्वयन गरिनेछ ।

७.१२ विभिन्न कारणले हिंसा भोगिरहेका समुदायहरुको अधिकारलाई संरक्षण गर्दै तत्काल कानूनी उपचारको व्यवस्था गरिनेछ ।

**(८) जलस्रोत तथा भूमी सम्बन्धी नीति**

८.१ नगर क्षेत्रमा रहेको ऐलानी पर्ति जग्गा तथा सार्वजनिक सडकमा भईरहेको अतिक्रमण रोक्न लगत तयार गरी सार्वजनिक जग्गा संरक्षणको कार्यक्रम प्राथमिकताका साथ लागु गरिनेछ ।

८.२ बस्ती बिकास संगै बढ्दै गएको जग्गाको खण्डीकरणलाई रोकी उत्पादन मूलक कार्यमा लगाउन प्राथमिकता दिइनेछ ।

८.३ यस नगर क्षेत्रमा रहेका पानीका  श्रोतहरुको संरक्षण गर्दै तिनको दीगो र समानुपातिक एवं बहुपक्षीय उपयोगमा जोड दिइनेछ ।

८.४ आठबीस नगरपालिका भित्र रहेको जलश्रोतलाई अधिकतम उपयोग गरी सिँचाई र खानेपानी परियोजनालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न तथा खानेपानी समस्याको दीगो समाधानको लागि नगर स्तरीय खानेपानी समिति गठन गरी जलउपयोग गुरु योजना अनुसार योजना तथा कार्यक्रमहरु एकीकृत ढंगले संचालन गरिनेछ ।

८.५ माथिल्लो कर्णाली जलविद्युत आयोजना सञ्चालन र त्यसको लाभ बाँडफाँडमा स्थानीय बासिन्दाहरुको अधिकतम हितलाई प्राथमिकता दिलाउने नीति लिईनेछ ।

८.६ नापि भई जग्गाधनी पुर्जा लिन बाँकी जग्गा दर्ता गर्न सम्बद्ध निकायहरुसँग आवश्यक समन्वय गरिनेछ ।

**(९) विविध :**

९.१.सार्वजनिक निजी साझेदारी (Public Private Partnership) को अवधारणालाई आत्मसात गरी विकासका कार्यहरु अगाडी बढाईनेछ ।

९.२.यस क्षेत्रको कृषि,उद्योग, व्यापार र पर्यटन क्षेत्रको विकास तथा विस्तारमा आवश्यक नीति तर्जुमा गरी अगाडी बढाईनेछ ।

९.३ नगर क्षेत्रमा सडकहरु तथा अन्य निर्माण कार्य गर्दा वातावरणीय पक्षलाई ध्यान दिदै वायो इन्जिनियरिङ् पद्धति अवलम्बनमा जोड दिइनेछ ।

९.४ नगर क्षेत्रका खुला स्थानहरु हरियाली उद्यानको रुपमा विकास गर्न पहल गरिनेछ साथै यस कार्यमा र अन्य शहरी पूर्वाधार विकासमा सार्वजनिक नीजि साझेदारी नीति अवलम्बन गरिनेछ ।

९.५. बालमैत्री, अपांग मैत्री, वातावरणमैत्री, सूचनामैत्री, नगर सुशासनको अवधारण अवलम्बन गरिनेछ ।

९.६ नगरपालिकाको सबै क्षेत्रमा समानुपातिक र सन्तुलित सेवाप्रवाह गर्न घुम्तीसेवा प्रणाली अवलम्बन

गरिनेछ ।

९.७. सम्पूर्ण सरोकारवालासँगको सहयोग, सहकार्य, सहअस्तित्व, समन्वय र अर्थपूर्ण सहभागितालाई प्रथमिकता दिईने नीति अवलम्बन गरिनेछ ।

९.८. विकास निर्माण र प्रशासनिक कार्यमा दण्ड र पुरस्कार प्रणाली अवलम्बन गरिनेछ ।

९.९. गैरसरकारी संघसंस्थाहरुका कार्यक्रमहरु एउटै द्वारबाट समन्वयात्मक ढंगले सञ्चालन गरिनेछन् ।

९.१०. खेलकुद विकासको लागि पूर्वाधार निर्माण गर्ने कार्यको सुरुवात गरिनेछ र युवा तथा बालबालिकाको लागि खेदकूद कार्यक्रम संचालन गरिनेछ ।

९.११ नगर क्षेत्रमा थप विषयगत कार्यालय स्थापना गर्न पहल गरी एकीकृत सेवा सञ्चालन गर्न जोड दिइनेछ ।

९.१२ बजार व्यवस्थापन समिति, सरसफाई उप समिति, टोल विकास संस्था गठन र आवश्यकताको आधारमा नागरिक सचेतना केन्द्र बिस्तार एवं सचेतीकरणका माध्यमवाट सामाजिक परिचालन तथा सहभागितामुलक सामुदायिक विकासलाई सशक्त बनाइनेछ ।

९.१३ टोल सुधार समिति र टोल विकास संस्थाहरुको सशक्तिकरण गरी थप भूमिका प्रदान गर्दै सरसफाई, विकास निर्माण, बचत तथा पूँजी परिचालनका साथै राजस्व वृद्धिका क्रियाकलापमा समेत परिचालन गरिनेछ ।

९.१४ आठबीस नगरपालिका भित्र हुने विभिन्न सामाजिक कुरीति एवम् विसंगतिहरु न्यूनीकरण गर्नका लागि प्रभावकारी सचतेनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ र पिडकलाई दण्ड तथा जरिवाना गराउने र सहयोगी हातहरुलाई प्रोत्साहन गरिनेछ ।

९.१५ कार्यालयको संस्थागत विकासको लागि आवश्यकता र स्रोतसाधन बमोजिम आवश्यक कर्मचारीहरुको व्यवस्था गरिनेछ ।

९.१६ प्राकृतिक श्रोत र सम्पदाको संरक्षण र संबर्द्धनका लागि आवश्यक कार्ययोजना बनाई विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९.१७ विद्युत आपुर्ति समस्याको समाधानको लागि बैकल्पिक उर्जाको प्रवर्द्धनमा जोड दिई उज्यालो नगरपालिका बनाउन पहल गरिनेछ र लघु जलविद्युत उत्पादनमा जोड दिनुका साथै यस नगरपालिकालाई विद्युतको राष्ट्रिय प्रसारण लाईनमा आबद्ध गर्न पहल गरिनेछ ।

९.१८ घर भित्रको धुवाँमुक्त अभियान नगरपालिकाका सबै वडामा संचालन गरि गोवरग्याँस र सुधारीयको चुलो जस्ता कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।

९.१९. योजना तर्जुमा, कार्यान्वयन एवं मूल्यांकनमा सुधार, समन्वय र सहयोगका लागि कार्यतालिका (Work Schedule ) बनाई कार्यक्रम संचालनमा अझ प्रभावकारीता ल्याईनेछ ।

९.२० नागरिक सचेतना केन्द्र, वडा नागरिक मञ्च, सामाजिक परिचालक तथा महिला स्वास्थ्य स्वयम सेवीकाहरुको उत्कृष्ट सेवालाई प्रोत्साहन गरिने कार्यक्रम संचालन गरिनेछ ।

९.२१ व्यक्तिगत घटना दर्ता कार्यलाई बैज्ञानिक एवं प्रभावकारी बनाउन कम्प्यूटर सफ्टवेयर मार्फत घटना दर्ता गर्ने प्रणाली अबलम्बन गरिनेछ र पूर्ण व्यक्तिगत घटना दर्ता अभियान क्रमश: सञ्चालन गरिनेछ ।

९.२२ मासिक तथा चौमासिक प्रगति प्रतिवेदन लक्षित वर्ग तथा समुदाय स्तर सम्म सार्वजनिक गर्ने कार्यलाई थप प्रभावकारी बनाउदै WEB Based Reporting प्रणालीको पालना गरिनेछ ।

९.२३.बालश्रम न्यूनिकरण, बाल शोषणको अन्त्य, घरेलु बालश्रमिकको पुनः स्थापना, द्वन्द्व पिडित, एच.आई.भि.भएका, जोखिममा परेका बालबालिकाको पुनः स्थापना गर्न विभिन्न संघसंस्थाहरु संग समन्वय गरी सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

९.२४ नगरपालिका क्षेत्रमा नागरिक स्वास्थ्य एवम् खाद्य सुरक्षा र खाद्य गुणस्तर कायम गर्न बजार अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ ।

९.२५ नगरवासीहरुका लागि आधुनिक सेवा प्रवाहमा उत्कृष्ट कार्य गर्ने नगरपालिकाहरुको कार्य प्रकृति अबलम्बन गर्न जनप्रतिनिधिहरु, उपभोक्ता समिति, सामुदायिक संस्था, टोल विकास संस्था, वडा नागरिकमञ्च, स्थानीय समूह एवम सञ्जाल तथा कर्मचारीहरुको क्षमता विकासको लागि आवश्यक अध्ययन अबलोकन भ्रमणको अवसर प्रदान गर्ने नीति लिइनेछ ।

९.२६ नगरको मुख्य बजार क्षेत्रमा सडक बत्ति व्यवस्थापन गर्न संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय र बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र संगको समन्वय र सहकार्यमा निजी क्षेत्र, नगर उद्योग वाणिज्य संघ तथा टोल विकास संस्थाको साझेदारीमा सौर्य सडक बत्ती जडान कार्यको थालनी गरिनेछ ।

९.२७ लघु उद्यमलाई प्राथमिकता दिई प्राकृतिक श्रोत र परम्परागत सिप तथा प्रविधिको प्रयोग हुने माटोको भाँडा बनाउने, फलामबाट बन्ने कृषि औजारहरु सम्बन्धि व्यवसाय प्रवर्द्धन गरी आधुनीकिरणको व्यवस्था गरिनेछ साथै सिपमुलक पेशा व्यवसायलाई प्राथमिकीकरण गरी व्यवस्थापन सहित यसको अभिवृद्धि गरिनेछ ।

९.२८. नगरलाई राट्रिय स्तरमा र विश्व सामु परिचित गराउन तथा विकास अनुभवहरु आदानप्रदान गर्न राष्ट्रिय/अन्तराष्ट्रिय नगरहरुसंग भगिनी सम्वन्ध कायम गरिनेछ ।

९.२९ निश्चित अवधि भित्र योजना सम्झौता र कार्यान्वयन नगरे रकम फ्रिज गर्ने, घटाउने वा अन्य विकल्प व्यवस्था गरी समयमै योजनाको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

९.३० लैङ्गिक हिंसा न्यूनीकरणका लागि प्रत्येक वडामा सचेतनामुलक क्रियाकलाप सञ्चालन गरिनेछ ।

९.३१ एच आई भि भएका ART लिने व्यक्तिहरुका लागि सन्तुलित भोजनको व्यवस्थापनका लागि विशेष भत्ताको व्यवस्था गरिनेछ साथै विभिन्न कारणले हिंसा भोगिरहेका व्यक्तिहरुको लागि उनिहरुको सिप र क्षमता अनुसार आर्थिक रुपमा सबल बनाउन विशेष पहल गरिनेछ ।

९.३२ नगर क्षेत्रका युवाहरुको सिप दक्षता र योग्यता अनुसार युवा रोजगारीका लागि पहल र प्रोत्साहन गरिनेछ ।

९.३३ सिंगो कर्णाली क्षेत्र र बाजुरा, अछाम समेतका बासिन्दाहरुको सुर्खेत पुग्ने मार्ग यहि नगरपालिका र विशेष गरी यसको केन्द्र राकम कर्णालीसंग जोडिएको व्यापारिक दृष्टिले आ.न.पा. उच्च संभावनायूक्त भएकोले व्यापारको विविधीकरणको कार्ययोजना तर्जुमा गरिनेछ ।

**आदरणीय नगर सभाका अध्यक्षज्यू एवं उपस्थित महानुभावहरु,**

नवस्थापित यस नगरपालिकाको स्थापना सँगै भौगोलिक विकटता, आन्तरिक व्यवस्थापकीय कठिनाई तथा न्यून आन्तरिक स्रोतका कारणले गर्दा नगरवासीहरुको आवश्यकता र विकासप्रतिको बढ्दो चाहना पुरा गर्न नसकिरहेको महशुस गरेका छौं । स्थानीय तहमा जनप्रधिनिधिहरुको बहाली सँगै नगरपालिकामा उपलब्ध स्रोतसाधन अनुसार सहभागितामुलक योजना तर्जुमा प्रक्रिया अनुशरण गरी वार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ । यस पृष्ठभूमीमा प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शनको आधारमा न्युनतम केन्द्रीय अनुदान र नरपालिकाको आन्तरिक आम्दानीलाई अधिकतम् बृद्धि गर्ने लक्ष्य सहित बिकेन्द्रित शासनको अवधारणा अनुरुप आ.व. २०७४/०७५ को कार्यक्रम तथा बजेट प्रक्षेपण गरिएको छ ।

**आदरणीय नगर सभाका अध्यक्षज्यू एवं उपस्थित महानुभावहरु,**

यी उद्देश्य, नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयन गर्न आगामी आ.व.२०७४/७५ का लागि कुल आय रु. ४०,९५,८१,०००।- (चालिस करोड पञ्चानब्बे लाख, एकासी हजार मात्र) अनुमान गरिएको छ । जस मध्ये आन्तरिक स्रोततर्फ रु. २४,७०,०००।- (चौविस लाख सत्तरी हजार मात्र) र बाह्य तर्फ (दातृ निकायको अनुदान समेत) रु. ३९,८२,२६,००० (उनान्चालीस करोड, बयासी लाख छब्बीस हजार मात्र) हुने अनुमान गरिएको छ । खर्च तर्फ चालु खर्च रु. १०,१२,३६,०००।- (दश करोड बाह्र लाख छत्तीस हजार मात्र) र पूँजिगत तर्फ रु.१७,६९,०५,००० ।- (सत्र करोड, उनन्सत्तरी लाख पाँच हजार मात्र) हुनेछ । कुल बजेटमा सशर्त अनुदान रु ९,४८,५९,००० (नौ करोड, अठ्चालीस लाख, उनन्साठ्ठी हजार मात्र) र दातृ निकायबाट सञ्चालित कार्यक्रमहरुको बजेट रु ३,६५,८१,००० (तीन करोड, पैसठ्ठी लाख एकासी हजार मात्र) हुनेछ । चालु तर्फ विनियोजित बजेट कर्मचारी तलब भत्ता, सामाजिक सुरक्षा तथा कार्यालय सञ्चालनका विविध क्षेत्रमा खर्च गरिनेछ । जस मध्ये सामाजिक सुरक्षा भत्ताको अंश रु. ४,५०,००,०००।- (चार करोड पचास लाख) हुनेछ । पुँजिगत र चालू तर्फको योजनागत र कार्यक्रमगत खर्च यसैसाथ संलग्न विवरणमा उल्लेख छ । नेपाल सरकारको वार्षिक नीति, कार्यक्रम र आवधिक योजनाका साथै नेपालको संविधान, स्थानीय स्वायत्त शासन ऐन, नियमावली र प्रचलित ऐन कानुन एवम् कार्यविधि अनुसार समुदायको मागलाई सम्बोधन गर्ने अधिकतम् प्रयास गर्दै यस नगरपालिकाको वार्षिक नीति कार्यक्रम तथा बजेट प्रस्तावित गरिएको छ । यद्यपी न्यून आयस्रोत भएको यस नगरपालिकाको आन्तरिक व्यवस्थापन र योजना निर्माणका क्षेत्रमा ध्यान केन्द्रित गनुपर्ने भएकाले बस्ती तथा वडा बाट छनौट भई आएका तर वार्षिक योजना भित्र समावेश गर्न नसकिएका आवश्यक कार्यक्रमहरु विभिन्न निकायमा माग गर्ने गरी प्रस्ताव गरिएको छ । प्रस्तावित नीति, कार्यक्रम तथा बजेट सहितको वार्षिक नगर विकास योजना यथासिघ्र प्रकाशन गरिनेछ ।

**आदरणीय नगर सभाका अध्यक्षज्यू एवं उपस्थित महानुभावहरु,**

यस नगरपालिकाका बिभिन्न वडाहरुबाट छनौट भई आएका विभिन्न विषय र क्षेत्रका योजनाहरु यथाशक्य समेट्ने प्रयास गरिएको छ । ती मध्ये यस नगरपालिकाका आम नागरिकहरुको माग र चाहना अनुसार सडकहरुको बिकास निर्माण एवं मर्मत लागि केही बढि बजेट बाँडफाँड गरिएको छ । यस नगर तथा जिल्लाकै महत्वपूर्ण सार्वजनिक निर्माण कार्य सम्बन्धि आयोजनाहरु छनौट गरी जिल्लास्तरीय एवं केन्द्रीय आयोजनामा समावेश गर्न सिफारिस गरिएको छ । आयोजनाहरुलाई अझै व्यवस्थित गर्न नगरपालिकाको आवधिक योजना निर्माण र कार्यान्वयनमा सम्बन्धित सबैसंग समन्वय र सहकार्य गरी उद्देश्य र लक्ष्यमा पुग्ने प्रयास गरिएको छ । बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा महत्वपूर्ण मार्ग निर्देशन गर्नुहुने राजनैतिक दलका प्रतिनिधि/पदाधिकारीज्यू ,विषयगत कार्यालय,सरकारी एवं गैर सरकारी संस्था/निकाय तथा आम नगरवासीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी बजेट तर्जुमामा सहयोग गर्ने मेरा सहयोगी जनप्रतिनिधिहरु, कर्मचारी साथीहरुलाई पनि धन्यवाद व्यक्त गर्दछु ।

**आदरणीय नगर सभाका अध्यक्षज्यू एवं उपस्थित महानुभावहरु,**

नगरवासीको बढ्दो आकांक्षा र आवश्यकतालाई परिपूर्ति गर्न यो बजेट पर्याप्त नभएता पनि वजेट तथा कार्यक्रमलाई यथासम्भव जनमुखी, समावेशी, परीणाममुखी बनाउने प्रयास गरिएको छ । साधन स्रोतको सिमितताले नगरवासीका कतिपय जल्दाबल्दा आवश्यकता र मागलाई समेट्न नसकिएकोमा दुःख व्यक्त गर्दै त्यस्ता अपुरा मागहरुलाई आगामी योजनाहरुमा समेटिने प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु ।

प्रस्तुत वजेट तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सम्पूर्ण जनप्रतिनिधिहरु, राजनैतिक दल, नागरिक समाज, स्थानीय प्रशासन, गैर सरकारी संघ संस्था ,लक्षित समुह तथा आम नगरवासीहरुबाट पर्याप्त साथ, सहयोग र समर्थन रहने अपेक्षा राखेको छु ।

**अन्त्यमा,**

यस नगरपालिकाको प्रथम नगर सभा समुद्घाटन समारोहका प्रमुख अतिथि ज्यू, विशेष अतिथि ज्यू, अतिथि ज्यूहरु, राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधि, जनप्रतिनिधि, सञ्चारकर्मी, विषयगत कार्यालय तथा विद्यालयका प्रतिनिधि, गैरसकारी संस्था एवम् विकास साझेदार निकाय, सहकर्मी कर्मचारी मित्रहरु एवम् सम्पूर्ण उपस्थित नगरबासीहरुमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस नगर सभा उद्घाटन समारोहमा उपस्थित भई शोभा बढाइदिनुभएकोमा हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछु । नीति कार्यक्रम तथा बजेट कार्यान्वयनमा यहाँहरुको सक्रिय सहभागिता र सहयोग प्राप्त हुनेछ भन्ने विश्वासको साथै नगर सभा सम्पन्न गर्न हर तरहले सहयोग पुऱ्याउने सम्पूर्ण महानुभावहरुलाई पुनः धन्यवाद दिँदै बिदा हुन चाहन्छु ।

**धन्यवाद ।**

**दीपा बोहरा**
उप प्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक
आठबीस नगरपालिका,दैलेख

निर्णय नं. २

नगर कार्यपालिकाबाट प्रस्तावित भई प्रथम नगर सभामा प्रस्तुत आगामी आ.व.२०७४।०७५ को देहायको बार्षिक नीति, योजना तथा कार्यक्रमहरु र बजेट बाँडफाँड स्वीकृत गरी सो अनुसार कार्यान्वयन गर्ने अधिकार नगर कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो । साथै यस नगरपालिकामा क्रियाशिल विभिन्न गैरसरकारी संस्था तथा दातृ निकायहरुवाट नगर कार्यपालिकामा प्रस्ताव सहित पेश भएको आगामी आ.व.०७४।०७५ को प्रस्तावित योजना, कार्यक्रम तथा वजेट अनुमोदन एवं पारित गर्ने निर्णय गरियो ।

| आयोजना क्षेत्र | क्र.सं. | योजना/कार्यक्रम | योजना/कार्यक्रम स्थल | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|---|
| पूर्वाधार | १ | मानदेव आ.वि. २ कोठे भवन निर्माण | आठबीस १ | ६०० | |
| पूर्वाधार | २ | लक्ष्मी मा.वि.मा ICT व्यवस्थापन | आठबीस १ | ८०० | |
| पूर्वाधार | ३ | जसुमाला खानेपानी निर्माण | आठबीस १ | १२०० | |
| पूर्वाधार | ४ | ढाड खोला तुसार खानेपानी मर्मत (१, ४ र ५) | आठबीस २ | ९५० | |
| पूर्वाधार | ५ | बृहत खानेपानी श्रीकोट | आठबीस २ | ८०० | |
| पूर्वाधार | ६ | ओविमुल खानेपानी | आठबीस २ | ११०० | |
| पूर्वाधार | ७ | सरस्वती मा.वि. | आठबीस २ | ७०० | |
| पूर्वाधार | ८ | पोखरा खाल जनता आ.वि. सडक | आठबीस २ | ९०० | |
| पूर्वाधार | ९ | बुढाखोला सरस्वती मावि सडक निर्माण | आठबीस २ | ५०० | |
| पूर्वाधार | १० | नेरा मावि फिल्ड निर्माण | आठबीस ३ | ५०० | |
| पूर्वाधार | ११ | नेरा मावि २ कोठे भवन निर्माण | आठबीस ३ | १२०० | |
| पूर्वाधार | १२ | कालीका आ.वि. भवन निर्माण | आठबीस ३ | १००० | |
| पूर्वाधार | १३ | निमायल लेखगाउँ मोटर बाटो | आठबीस ३ | १००० | |
| पूर्वाधार | १५ | सैनी खोला खापा निर्माण | आठबीस ३ | ५०० | |
| पूर्वाधार | १६ | साँई खोला जाक्सीखोला लिफ्ट सिँचाई/खानेपानी (जेनेरेटर जडान) | आठबीस ३ | १४५० | |
| पूर्वाधार | १७ | जिउला टापु कुलो मर्मत | आठबीस ३ | २०० | |
| पूर्वाधार | १८ | खानेपानी मर्मत (सेलगाउँ दुनामाटाँ सिमखोला) | आठबीस ४ | ५५० | |
| पूर्वाधार | १९ | खोटे सल्ला तटबन्धन | आठबीस ४ | ७०० | |
| पूर्वाधार | २० | दकुनासिम बुढाखोला तटबन्धन | आठबीस ४ | ७०० | |
| पूर्वाधार | २१ | कानेगाड जलविद्युत परियोजना मर्मत | आठबीस ४ | ८०० | |
| पूर्वाधार | २२ | भेल्तडी तारापानी खानेपानी | आठबीस ४ | ६०० | |
| पूर्वाधार | २३ | कोछ्रे पैसेनी सिँचाई कुलो निर्माण | आठबीस ५ | १५०० | |
| पूर्वाधार | २४ | भित्रिवन सिँचाई कुलो निर्माण | आठबीस ५ | ८०० | |
| पूर्वाधार | २५ | दुधेउलीटोल, भेडीखोर सुगुरखाल खापा | आठबीस ५ | ७०० | |
| पूर्वाधार | २६ | राकमकर्णाली सिंहासैन सडक निर्माण (क्रमागत) | आठबीस ६ | २१०० | |
| पूर्वाधार | २७ | टाँगु सद्धु खड्के गढेल पहिरो रोकथाम | आठबीस ६ | १२०० | |
| पूर्वाधार | २८ | तर्कु बेरुपाटा ब्रह्मडाँडा सडक | आठबीस ७ | ९०० | |
| पूर्वाधार | २९ | खोलीबजार (कर्णाली राजमार्ग) ओम्काना सिंहासैन सडक | आठबीस ७ | ९०० | |
| पूर्वाधार | ३० | विरेन्द्र मावि भवन निर्माण | आठबीस ८ | ८०० | |
| पूर्वाधार | ३१ | कालिका मावि घेरबार | आठबीस ८ | ५०० | |
| पूर्वाधार | ३२ | पशुपति मावि छेपाडी पूर्वाधार निर्माण (फिल्ड निर्माण, घेरबार) | आठबीस ९ | १३०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्वाधार | ३३ | आगडा खोला जलविद्युत साझेदारी | आठबीस ९ | ७०० | |
| पूर्वाधार | ३४ | आर्दश आ.वि. राईढुङ्गा दुई कोठे भवन निर्माण | आठबीस ९ | ५०० | |
| पूर्वाधार | ३५ | दह पुर्छा कृषि सडक | आठबीस ९ | ६०० | |
| | | **जम्मा** | | **२९२५०** | |

| आयोजना क्षेत्र | क्र.सं. | योजना/कार्यक्रम | योजना/कार्यक्रम स्थल | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|---|
| प्रवर्द्धनात्मक | १ | वण्डाली आ.वि. गेट निर्माण | आठबीस १ | १५० | |
| प्रवर्द्धनात्मक | २ | कालिका आ.वि. फिल्ड निर्माण | आठबीस १ | २०० | |
| प्रवर्द्धनात्मक | ३ | अधिकारी आ.वि. भवन प्लाष्टर | आठबीस १ | १५० | |
| प्रवर्द्धनात्मक | ४ | थापाधारा खानेपानी निर्माण | आठबीस १ | १०० | |
| प्रवर्द्धनात्मक | ५ | वडा कार्यालय देखी झुँज सडक निर्माण | आठबीस १ | ३०० | |
| प्रवर्द्धनात्मक | ६ | अधिकारी मन्दिर निर्माण | आठबीस १ | २५० | |
| प्रवर्द्धनात्मक | ७ | मष्टा मन्दिर निर्माण | आठबीस १ | २०० | |
| प्रवर्द्धनात्मक | ८ | मानाकोट खानेपानी मर्मत | आठबीस १ | १०० | |
| प्रवर्द्धनात्मक | ९ | वडाभित्रका पाँचवटा खानेपानी मुल संरक्षण | आठबीस १ | १०० | |
| प्रवर्द्धनात्मक | १० | गाउँघर क्लिनिक झुँज | आठबीस १ | २०० | |
| प्रवर्द्धनात्मक | ११ | डाव खानेपानी मर्मत | आठबीस १ | १०० | |
| प्रवर्द्धनात्मक | १२ | एम्बुलेन्स अक्सीजन सिलिण्डर व्यवस्थापन | आठबीस १ | १०० | |
| प्रवर्द्धनात्मक | १३ | भलायाकोट खानेपानी मर्मत | आठबीस १ | १५० | |
| प्रवर्द्धनात्मक | १४ | तीनधारे खानेपानी मर्मत | आठबीस १ | १२० | |
| प्रवर्द्धनात्मक | १५ | विपद व्यवस्थापन कोष | आठबीस १ | १२० | |
| प्रवर्द्धनात्मक | १६ | भैलो व्यवस्थापन | आठबीस १ | ७० | |
| प्रवर्द्धनात्मक | १७ | खम्मडाँडा मञ्च निर्माण (क्रमागत) | आठबीस १ | २०० | |
| प्रवर्द्धनात्मक | १८ | जनता आ.वि. घेरबार | आठबीस २ | २५० | |
| प्रवर्द्धनात्मक | १९ | गुराँस आ.वि. घेरबार | आठबीस २ | २५० | |
| प्रवर्द्धनात्मक | २० | सिद्धपाईला आ.वि. घेरबार | आठबीस २ | २५० | |
| प्रवर्द्धनात्मक | २१ | नेरा आ.वि. घेरबार | आठबीस २ | १५० | |
| प्रवर्द्धनात्मक | २२ | सार्वजनिक सौचालय निर्माण (हुलाकडाँडा) | आठबीस २ | २५० | |
| प्रवर्द्धनात्मक | २३ | लाटा पाल्त नारसिङ्गे गोरेटो बाटो निर्माण | आठबीस २ | २०० | |
| प्रवर्द्धनात्मक | २४ | स्वास्थ्य चौकी एम्बुलेन्स व्यवस्थापन | आठबीस २ | ४०० | |
| प्रवर्द्धनात्मक | २५ | भुवो मेला व्यवस्थापन | आठबीस २ | १०० | |
| प्रवर्द्धनात्मक | २६ | सामुदायिक वन वृक्षारोपण | आठबीस २ | २०० | |
| प्रवर्द्धनात्मक | २७ | भकुने मुल खानेपानी निर्माण | आठबीस ३ | ३०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रवर्द्धनात्मक | २८ | दाडे खानेपानी मर्मत | आठबीस ३ | ३०० | |
| प्रवर्द्धनात्मक | २९ | रुइनजा खा पा निर्माण जाक्सी | आठबीस ३ | ३५० | |
| प्रवर्द्धनात्मक | ३० | कुमालखाडा आ वि फिल्ड निर्माण | आठबीस ३ | ३०० | |
| प्रवर्द्धनात्मक | ३१ | थामा चौर माई मन्दिर निर्माण | आठबीस ३ | २५० | |
| प्रवर्द्धनात्मक | ३२ | कुमालखाडा खा.पा. निर्माण | आठबीस ३ | ३०० | |
| प्रवर्द्धनात्मक | ३३ | गेट निर्माण | आठबीस ४ | १०० | |
| प्रवर्द्धनात्मक | ३४ | बसुन्धरा कृषि सहकारी संस्था भवन निर्माण सहयोग | आठबीस ४ | ३०० | |
| प्रवर्द्धनात्मक | ३५ | पुरानो कपाडाबाट रुई बनाउने उद्योग | आठबीस ४ | ६०० | |
| प्रवर्द्धनात्मक | ३६ | गोबर ग्याँस निर्माण र धुवा रहित चुलो | आठबीस ४ | २०० | |
| प्रवर्द्धनात्मक | ३७ | सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन | आठबीस ४ | ५० | |
| प्रवर्द्धनात्मक | ३८ | बहुमुखि क्याम्पस पूर्वाधार निर्माण | आठबीस ४ | ५०० | |
| प्रवर्द्धनात्मक | ३९ | विपद् व्यवस्थापन | आठबीस ४ | १०० | |
